# कुशे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
थर्पु भार्पा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल

**पत्र संख्या : ०७५/०७६** **मिति : २०७५/०९/३**

**चलानी नं. :** ३३५

---

**विषय :- बालपोषण अनुदान कार्यक्रममा आवेदन गर्ने सम्वन्धी सार्वजनिक सूचना ।**

**श्री वडा कार्यालय सवै कुशे गाउँपालिका जाजरकोट ।**

**श्री सम्वन्धित सरोकारवालाहरु सवै ।**

नेपाल सरकार गृह मन्त्रालय, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग सामाजिक सुरक्षा शाखाको प.स. ०७५।०७६, च.नं. २६२ मिति २०७५।०८।१३ को पत्रानुसार चालु आ.व. ०७५/०७६ को बजेट बक्तव्यको बुँदा नं. ६६ दलित तथा कर्णाली क्षेत्रका बालबालिकाको लागि प्रदान गरिदै आएको मासिक रु ४ सय सम्मको बाल संरक्षण अनुदानको दायरालाई विस्तार गरी मानव विकास सुचकांकमा पछि परेका जिल्लाहमा समेत कार्यक्रम संचालन गरिनेछ भन्ने नेपाल सरकारको नीतिगत प्रतिवद्धता अनुरुप आ.व. २०७५/०७६ मा यस कार्यक्रमको विस्तारको लागि पाँच वर्ष मुनिका बालबालिहरुको पोषण खर्च वापत गरिवी मापन सूचकांकको आधारमा **जाजरकोट** जिल्ला पनि छनौट भएकोले सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा (३ छ) मा भएको व्यवस्था अनुरुप यस जिल्लामा समेत यो कार्यक्रम लागू हुने जानकारी गराउँदै यस गाउँपालिकामा एक आमाबाट जन्मिएका पाँच वर्ष मुनिका बढिमा दुई बालबालिहरुलाई मासिक रु ४००। का दरले बाल पोषण (संरक्षण अनुदान ) भत्ता वितरण गर्नका लागि यस गाउँपालिकाबाट चालु दोश्रो चौमासिक **मिति २०७५ फागुन मसान्त सम्म** विवरण संकलन गरि तेश्रो चौमासिक बाट भत्ता वितरण गर्न तपसिल बमोजिमका आवश्यक कार्य प्रक्रिया अगाडी बढाउनु हुन अनुरोध छ ।

## निवेदन साथ आवश्यक कागजात तथा दर्ता प्रक्रिया

१. जन्म दर्ता प्रमाण पत्रको प्रतिलिपी र आमा र बाबुको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी

२. बालबालिकाको २ प्रति पासपोर्ट साइजको फोटो,

३ निवेदन संकलन गर्दा सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को परिच्छेद. ३ को दफा ३ मा भएको व्यवस्था अनुरुप कुनै बालबालिकाको आमा वा बावु मध्ये कुनै एक सरकारी वा औपचारिक सेवामा कार्यरत भएमा वा कुनै व्यवसाय दर्ता गरी संचालन गरिरहेको भएमा त्यस्ता बालबालिकाले यो भत्ता प्राप्त गर्ने छैनन ।

४. सामाजिक सुरक्षा भत्ताहरुपाउने लाभग्राहीहरुको विवरण अनलाइन दर्ता गरिने हुँदा आमाको नाम, बाबुको नाम, बाजेको नाम, मोवाइल नं. र उल्लेखित कागजात सहित संकलन गरिएको विवरण सहितको निवेदन वडा कार्यालयमा समयमै सुचना फाराम भरी विभागले संचालनमा ल्याएको व्यवस्थापन सूचना प्रणालीमा अनलाईन दर्ता प्रविष्ट गर्नुहुन अनुरोध छ ।

............................ ९/६

श्याम कृष्ण पौडेल
प्रमुख प्रशासकीय अधिकृत
**प्रमुख प्रशासकीय अधिकृत**

☎९७५८००३२००, ९७५८००३२०२
E-mail: kusheruralmunicipality@gmail.com